

# १० याकूबबाट इस्राएल

<u>*यस अध्यायका मूल पदहरू:*</u> उत्पत्ति ३२:२२-३१; होशे १२:३,४; यर्मया ३०:५-७, उत्पत्ति ३३ र उत्पत्ति ३४:३०-३५:२९।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"त्यस व्यक्तिले भने, “अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल हुनेछ, किनभने तिमीले परमेश्वर र मानिसहरूसँग लड्न्त गऱ्यौ, अनि विजयी भयौ” (उत्पत्ति ३२:२८)।**

याकूबको जीवन कहानी जारी रहन्छ। उनको जीवनमा धेरै उतारचढाव वा तलमाथिको सामना गर्न उनी वाध्य भएका थिए। दुवै असल र खराब, तितोमिठो अनुभवहरू उनले सहनुपरेको थियो। तर, परमेश्वर आफ्ना प्रतिज्ञाहरूप्रति आफू दुवै कतिवद्ध र प्रतिवद्ध भएको याकूबबाट प्रकट गर्नुभएको थियो। परमेश्वरको हात उनमाथि थियो भनेर उनको जीवन कहानीले बताउँदछ।

यस अध्यायमा याकूबको बारेमा अझ बेसी जानकारी हामी हासिल गर्नेछौं। उनले लाबानलाई छोडेर घर फर्कन्छन्। तर, उनको छलकपटको शिकार भएको एसावलाई भेट्नुपर्दा उनले अब के गर्लान् भन्ने पीडामा परेको याकूबलाई के हुन्छ, सो हामी हेर्नेछौं।

अब के हुन्छ भन्ने चिन्ता, सुर्ता र बोझमा याकूब परेको बेलामा भाग्यवस उनका पूर्खाहरूको परमेश्वर उनकहाँ एक रात देखा पर्नुहुन्छ। त्यसबेला एउटा यस्तो घट्ना भयो जुन् पछि आउने "याकूबको सङ्कट" (यर्मिया ३०:५-७)लाई देखाउँछ। त्यस रात धोकेवाज याकूबको नाउँ परिवर्तन भएर "इस्राएल" नामाङ्करण हुन्छ। उनकै नयाँ नाउँबाट सुरु गरिएर नयाँ जाति र राष्ट्रको सृजना हुन्छ।

समुच्चरूपमा भन्ने हो भने याकूब र उनको परिवारको जीवन कहानीले हामीलाई परमेश्वरको बारेमा उल्लेखनीय आत्मज्ञान सिकाउँदछ। उहाँका जनहरूले वा इस्राएलीहरूले नै परमेश्वरको योजनालाई बिफल पार्न जतिसुकै भरमग्दुर प्रयास गरेतापनि आफूले गर्नुभएको प्रतिज्ञा जसरी भएपनि पूरा गर्न परमेश्वर प्रतिवद्ध हुनुहुन्छ भन्ने याकूबको किस्साले हामीलाई देखाउँदछ।

## १. परमेश्वरसँग नै कुश्ती

लाबानसँग बल्लतल्न छुटिएपछि याकूब परमेश्वरसँग कुश्ती पो खेल्न पुग्दछन्। चारसय मानिसहरूको जमातसँगै (उत्पत्ति ३२:६) उनको दाजु एसाव आउँदैछन् भन्ने खबर सुन्दा उनको त सातो पुत्लो नै उडेको थियो। आफ्नो सर्वस्व नाश हुने देखेर याकूब निरीह भएर परमेश्वरसँग रोइकराइ प्रार्थना गर्न पुग्छन्। आफ्नो खराब आचरणले आफू बाँच्न योग्य नभएको भनेर ठान्दै परमेश्वरको सामु स्वीकार्दै आफ्नो र परिवारको बचावको निम्ति यसरी बिन्तिभाव गर्छन्, "९ तब याकूबले प्रार्थना गरे, “हे मेरा पिता अब्राहामका परमेश्वर, र मेरा बाबु इसहाकका परमेश्वर, हे परमप्रभु, जसले मलाई ‘तिमी तिम्रै देशमा तिम्रा कुटुम्बहरूकहाँ जाऊ, र म तिम्रो भलाइ गर्नेछु’ भन्नुभएको थियो। १० तपाईंले आफ्नो दासलाई जत्ति करुणा र विश्वासयोग्यता देखाउनुभएको छ त्यसको म कत्ति पनि योग्य छैनँ। किनभने एउटा लाठो मात्र लिएर मैले यसो यर्दन नदी तरेको थिएँ। तर अहिले मेरा दुई वटा दल भएका छन्। ११ म बिन्ती गर्दछु, मलाई मेरा दाजु एसावको हातबाट बचाउनुहोस्, किनकि उनीसँग मलाई डर लाग्छ, कि उनले आमा, छोराछोरीहरूसमेत हामी जम्मैलाई आक्रमण गर्लान्। १२ तर तपाईंले भन्नुभएको छ, ‘साँच्ची नै म तिम्रो भलाइ गर्नेछु, र तिम्रा सन्तानहरू समुद्रका बालुवासरह तुल्याउनेछु, जो गन्न सकिने छैन’" (उत्पत्ति ३२:९-१२)। अब आएर परमेश्वरको अनुग्रह के हो उनले सचमुचरूपमा बुझ्दछन्। ***याकूबको प्रार्थनालाई परमेश्वरले कसरी जवाफ दिनुहुन्छ?***

**उत्पत्ति ३२:२२-३१ र होशे १२:३,४ पढ्नुहोस्। यस अचम्मको कथामा हामीले के आध्यात्मिक वा आत्मिक ज्ञान पाउँछौं? हेर्नुहोस्, "२२ त्यस रात याकूब उठे, र तिनका दुई पत्नी, दुई कमारी, र एघारै छोराहरूलाई लिएर यब्बोक नदी तरे। २३ तिनले तिनीहरूलाई खोलाको पारि पठाएपछि, त्यसै गरी तिनले आफूसित भएका सबै कुरा पनि पठाए। २४ यसरी याकूबचाहिँ एकलै**

छोड़िए। अनि एक जना व्यक्ति उज्यालो नहोउञ्जेल तिनीसित कुश्ती लड़े।
२५ यी व्यक्तिले याकूबलाई जित्न नसकेका देखेर याकूबका कम्मरको खोक्रो
भाग छोए, र उनीसित कुश्ती लड्दालड्दै याकूबको कम्मरको गेड़ी फुस्क्यो।
२६ तब ती व्यक्तिले भने, "उज्यालो हुन लाग्यो। मलाई जान देऊ।" तर
याकूबले भने, "मलाई आशीर्वाद नदिउञ्जेल म तपाईंलाई जान दिन्नँ।" २७
उनले तिनलाई भने, "तिम्रो नाउँ के हो?" तिनले भने, "याकूब।" २८ त्यस
व्यक्तिले भने, "अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल हुनेछ, किनभने
तिमीले परमेश्वर र मानिसहरूसँग लड़न्त गऱ्यौ, अनि विजयी भयौ।" २९ तब
याकूबले उनलाई सोधे, "बिन्ती छ, मलाई भन्नुहोस्, तपाईंको नाउँ के हो?" तर
उनले उत्तर दिए, "मेरो नाउँ तिमी किन सोध्छौ?" अनि उनले तिनलाई आशीर्वाद
दिए। ३० यसकारण याकूबले त्यस ठाउँको नाउँ पनीएल राखे, किनकि
"परमेश्वरको सम्मुखै परे तापनि मेरो ज्यान बाँच्यो" भनी तिनले भने। ३१
तिनको कम्मरले गर्दा तिनी खोच्याई-खोच्याई हिँड़ेर पनीएल नाघिसक्दा सूर्योदय
भयो। ३२ तिनका कम्मरको नसो छोइएको हुनाले आजसम्म इस्राएलीहरू
कम्मरको नसो खाँदैनन्।" र "२ यहूदाको विरुद्धमा परमप्रभुको एउटा आरोप
छ। अनि याकूबलाई* तिनका चालअनुसार उहाँले दण्ड दिनुहुनेछ, र तिनका
कामअनुसार उहाँले तिनलाई बदला दिनुहुनेछ। ३ गर्भमा तिनले आफ्नो दाजुको
कुर्कुच्चो पक्रे, र जवान भएपछि तिनले परमेश्वरसँग लड़न्त गरे। ४ तिनले
स्वर्गदूतसित लड़न्त गरे, र उनलाई जिते। तिनी रोए र उनीसित निगाहको निम्ति
बिन्ती गरे। तिनले बेथेलमा उहाँलाई भेटे, र उहाँसँग तिनले बातचीत गरे– ५
सर्वशक्तिमान् परमप्रभु परमेश्वरसँगै। उहाँको नाउँ प्रसिद्ध छ। ६ तर तिमीहरू
आफ्ना परमेश्वरतिर फर्कनैपर्छ। प्रेम र न्याय कायम राख, र निरन्तर आफ्ना
परमेश्वरको प्रतीक्षा गर" (होशे १२:२-६)।

आफ्नो परिवारलाई जोगाउन याकूबले यो बन्दोबस्त गर्छन्, "१३
तिनी त्यस रात त्यहीं वास बसे, र आफूसँग भएको सम्पत्तिबाट तिनले दाजु
एसावको निम्ति सौगात छुट्ट्याएः १४ अर्थात्, दुई सय बाख्री, बीस वटा बोका,
दुई सय भेड़ी, बीस वटा भेड़ा, १५ तीस दुहुना ऊँट र तिनका बच्चा, चालीस
गाई र दश साँढ़े, बीस गधैनी र दश गधा। १६ यी सबैका लागि तिनले बथान
गरी आफ्ना कमारीहरूलाई जिम्मा लगाए, र तिनीहरूलाई भने, "मभन्दा
अगिअगि जाओ, र बथान-बथानका बीचमा केही खाली ठाउँ राख।" १७ तिनले
सबैभन्दा अगिल्लालाई यसो भने, "मेरा दाजु एसावले तिमीलाई भेटेर 'तिमी
कसको मानिस हो, तिमी कहाँ जान्दैछौ, तिम्रो अगिअगि गएका यी बथानहरू

कसका हुन्?' भनेर सोध्नुभयो भने, १८ तिमीले यसो भन्नू: 'ती त तपाईंका दास याकूबका हुन्। यी जम्मै मेरा प्रभु एसावको निम्ति सौगातको रूपमा पठाएका हुन्। हेर्नुहोस्, तिनीचाहिँ हाम्रा पछिपछि आउँदैछन्'।" १९ तिनले दोस्रो, तेस्रो र बथानका पछिपछि लाग्ने जम्मैलाई आज्ञा दिए: "एसावलाई भेट्दा तिमीहरूले उही किसिमले भन्नू। विशेष गरी तिमीहरूले यसो भन्नू, २० 'हेर्नुहोस्, तपाईंका दास याकूब हाम्रा पछिपछि आउँदैछन्'।" किनभने तिनले यस्तो विचार गरे, "मेरो अगिअगि गएको सौगातले म उनको रीस साम्य गर्न सक्छु होला। त्यसपछि म उनको सामु पर्दा शायद उनले मलाई ग्रहण गर्नेछन्।" २१ यसैकारण ती सौगात तिनीभन्दा अगाड़ि गए, र तिनी आफैचाहिँ त्यस रात आफ्नै पालमा बसी बिताए। २२ त्यस रात याकूब उठे, र तिनका दुई पत्नी, दुई कमारी, र एघारै छोराहरूलाई लिएर यब्बोक नदी तरे। २३ तिनले तिनीहरूलाई खोलाको पारि पठाएपछि, त्यसै गरी तिनले आफूसित भएका सबै कुरा पनि पठाए" (उत्पत्ति ३२:१३-२३)।

एसाबबाट बच्न याकूबले सबै प्रयास मिलाएतापनि उनी अत्यन्तै बिचल्लीमा पर्छन्। उनी किन बिचल्लीमा परे सो बुझ्न सकिन्छ। उनले आफ्नो परिवारलाई एसावबाट जोगाउने व्यवस्था मिलाइसकेपछि उनी एकान्तमा सायद प्रार्थना गर्न जान्छन्। तर रातको अन्धकारमा एक जना अपरिचित मानिसले उनमाथि आक्रमण गर्छन् (उत्पत्ति ३२:२४)। त्यस परिस्थितिमा प्रयोग गरिएको "आक्रमण" भन्ने शब्दको विशेष अर्थ छ। त्यसको अर्थ परमेश्वरको उपस्थितिलाई जनाउँछ। यशैयाले गरेको भविष्याणीमा परमेश्वरकै सम्मुख येशूले भोग्नुपर्ने कष्टलाई यसरी लेखिएको छ, "ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं" (यशैया ५३:३)। दानिएलले पनि परमेश्वरको उपस्थितिलाई यसरी वयान गरेका छन्, "४ पहिलो महिनाको चौबीसौं दिनमा ठूलो नदी टाइग्रिसको किनारमा जसै म उभिरहेको थिएँ, ५ मैले माथि हेरें र मेरो अगि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सूतीको लुगा लगाएका एक जना मानिसलाई देखें। ६ तिनको शरीर पीतमणिजस्तै चहकिलो थियो, तिनको अनुहार बिजुलीझैं चम्कन्थ्यो, तिनका आँखा राँकोझैं बलिरहेका थिए। तिनका हात र खुट्टाहरू टल्काइएको काँसोजस्तै र तिनको स्वर ठूलो भीड़को स्वरझैं थिए" (दानिएल १०:४-६। यहोशूले नि परमेश्वरको सेनापतिलाई भेट्दा त्यही शब्द प्रयोग गरेका थिए।

त्यस सेनापतिलाई प्रभु YHWH यह्वे हुनुहुन्छ भनेर यहोशूमा यसरी लेखिएको छ, "१३ यहोशू यरीहोको नजिक हुँदा तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामुन्ने हातमा नाङ्गो तरवार लिएका एक जना मानिस उभिरहेका रहेछन्। यहोशू उनीकहाँ गएर, "तपाईं हामीपट्टि हुनुहुन्छ कि हाम्रा शत्रु हुनुहुन्छ?" भनेर सोधे। १४ अनि उनले भने, "होइन, तर परमप्रभुको फौजको कप्तान भएर म यहाँ आएको हुँ।" तब यहोशूले जमिनमा घोप्टो परेर दण्डवत् गरे, र उनलाई भने, "मेरा प्रभु, आफ्नो दासलाई के भन्नुहुन्छ?" १५ अनि परमप्रभुका फौजका कप्तानले यहोशूलाई भने, "तिम्रा खुट्टाबाट जुत्ता फुकाल्, किनकि तिमी उभिएको ठाउँ पवित्र छ।" अनि यहोशूले त्यसै गरे" (यहोशू ५:१३-१५)। अनि यहोशूले के गर्नुपर्छ भनेर उहाँले तिनलाई अऱ्हाउँछन् (यहोशू ६:२)।

याकूब अब त्यस व्यक्तिसँग कुश्ताकुश्ती गर्छन्। त्यसबेला आफू परमेश्वर आफैसँग लडिरहेको महसुस गर्छन्। बिहानीपख त्यस व्यक्ति याकूबबाट फुट्किन खोज्छन्। तब आफू को सँग कुश्ती खेलिरहेको सो थाहा पाएर उनलाई पकडि राखेर कबुल गर्न लाउँछन्, "जबसम्म तपाईंले मलाई आशिष दिनुहुन्न तबसम्म म तपाईंलाई जान दिन्न!" (उत्पत्ति ३२:२६)। परमेश्वरलाई बलियोसँग समातीरहेको र उहाँलाई जान नदिएको परिवेशले यो बताउँदछ कि प्रभुबाट क्षमा पाउन उनले प्रवल इच्छा गरेको र प्रभुसँग ठिक सम्बन्ध राख्न चाहेको प्रकट गरेको थियो।

"गलत तरिका उपयोग गरेर जेठो छोरोको अधिकार उनले खोजेको उनको भूल र पाप हो भन्ने ज्ञान उनको अगाडि अब प्रष्ट हुन्छ। उनले परमेश्वरका प्रतिज्ञाहरूमाथि भरोसा राखेनन्, तर आफ्नै प्रयासले ती प्रतिज्ञाहरूलाई हात पार्न खोजेका थिए। उनलाई थाहा भएन कि परमेश्वरले आफ्नै समयमा आफ्नै तरिकाद्वारा उहाँको इच्छा पूरा गर्नुहुनेछ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १९७,१९८बाट रूपान्तरित।

परमेश्वरले उनलाई क्षमा दिनुभयो भन्ने प्रमाण नै उनको नाउँको परिवर्तन थियो। याकूब भन्ने नाउँले उनको पापलाई याद दिलाउँछ भने उनको बिजयलाई याद दिलाउन उनलाई नयाँ नाउँ दिइन्छ। "त्यस व्यक्ति वा स्वर्गदूतले भने, "अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल लहुनेछ, किनभने तिमीले परमेश्वर र मानिसहरूसँग लड्न्त गऱ्यौ, अनि विजयी भयौ" (उत्पत्ति ३२:२८)।

***परमेश्वरसँगको कुश्ता कुश्तीमा तपाईंको अनुभव के छ? यसको अर्थ के हो? समय समयमा यस्तो खालको अनुभव हामीले किन गर्नुपर्छ?***

## २. दुई दाजुभाइको जम्का भेट हुन्छ

पेनीएल भन्ने ठाउँको अर्थ परमेश्वरको अनुहार हो (उत्पत्ति ३२:३०)। त्यहाँ उनको जम्का भेट परमेश्वरसँग हुन्छ। अब त्यहाँबाट उनी आफ्नो दाजुसँग जम्का भेट गर्न अघि बढ्छन्। दाजुभाइको भेट नभएको २० वर्ष भइसकेको थियो। अब आफ्नो दाजु ४०० मानिसहरूको जमात लिएर आफूकहाँ आइरहेको याकूबले देख्छन् (उत्पत्ति ३३:१)। याकूब चिन्तित हुन्छन् र आफ्नो दाजुबाट परिवारलाई जोगाउन उनले बन्दोबस्त मिलाएका थिए।

**पनिएलमा परमेश्वरसँग जम्का भेट भएको अनुभवसँग आफ्नो दाजुसँग जम्का भेट भएको अनुभवको बीचमा के सम्बन्ध छ? परमेश्वरसँग र जोसुकै भएतापनि हाम्रा दाजुहरूसँगको जम्का भेट हुने मामिलाको आत्मिक अर्थ के छ? हेर्नुहोस्, उत्पत्ति ३३ "१ याकूबले आफ्ना आँखा उठाएर हेर्दा एसाव र तिनका साथमा चार सय मानिसहरू आइरहेका देखे। तिनले आफ्ना छोराछोरीहरूलाई लेआ, राहेल र दुई कमारीहरूको जिम्मामा विभक्त गरिदिए। २ तिनले कमारीहरू र तिनका छोराहरूलाई सबैभन्दा अगाड़ि, त्यसपछि लेआ र तिनका छोराछोरीहरू, र राहेल र योसेफलाई सबैभन्दा पछि राखे। ३ तिनीहरू सबैका अगि तिनी आफैचाहिँ आफ्ना दाजुको नजिक नपुगुञ्जेल सात चोटि भूइँमा ढोग्दैगए। ४ तर एसाव तिनीकहाँ दौडँदै आएर तिनलाई अँगालो हाले, र छातीमा टाँसेर तिनलाई म्वाइँ खाए, र तिनीहरू दुवै खूब रोए। ५ तब एसावले यसो हेर्दा ती स्त्रीहरू र केटाकेटीहरूलाई देखेर भने, "तिमीसँग भएका यिनीहरूचाहिँ को हुन्?" याकूबले भने, "परमेश्वरले हजूरको दासलाई अनुग्रह गरी दिनुभएका मेरा बालबच्चा हुन्।" ६ तब कमारीहरू र तिनका नानीहरू नजिक आएर एसावलाई ढोग गरे। ७ त्यसपछि लेआ र तिनका नानीहरू आएर ढोग गरे। सबभन्दा पछि योसेफ र राहेल आए, र तिनीहरूले पनि ढोग गरे। ८ एसावले याकूबलाई सोधे, "मैले भेटेका यी सबै बथानको मतलब के हो?" याकूबले जवाफ दिए, "मैले हजूरबाट अनुग्रह पाउनलाई हो।" ९ तर एसावले भने, "भाइ, मसँग प्रशस्तै छ। तिम्रो जो छ तिमीसँगै रहोस्।" १० याकूबले भने, "होइन, तपाईंको निगाह ममाथि छ भने कृपा गरी मेरो हातको यो सौगात ग्रहण गर्नुहोस्। किनभने यति ठूलो निगाह देखाएर तपाईंले मलाई स्वागत गर्नुभयो कि साँच्ची नै तपाईंको दर्शन पाउँदा मलाई त परमेश्वरकै दर्शन पाएझैं लाग्यो। ११ अब बिन्ती छ, तपाईंलाई नै भनेर ल्याएको मेरो यो सौगात ग्रहण गर्नुहोस्, किनभने परमेश्वरको अनुग्रह ममाथि भएको हुनाले मसँग प्रशस्तै छ।" यसरी**

याकूबले जिद्दी गरे,र एसावले ती लिए। १२ तब एसावले भने, "अब हामी अगि बढ़ौं। म तिमीलाई साथ दिनेछु।" १३ तर याकूबले उनलाई भने, "हजूरलाई जाहेरै छ कि यी केटाकेटीहरू कलिलै छन्, र दुहुना बथानहरूको मलाई फिक्री लाग्छ। तिनीहरूलाई एकै दिन पनि बेसी धपाए भने सबै मरिजालान्। १४ यसकारण म हजूरलाई बिन्ती गर्दछु, कि तपाईं नै मभन्दा अगि जानुहोस्। मचाहिँ मभन्दा अगाड़ि गएका गाईबस्तुहरू र यी बालबच्चाहरूको चालअनुसार हजूरकहाँ सेइरमा नआइपुगुञ्जेल बिस्तार हिँड़ेर आउनेछु।" १५ एसावले भने, "मसँग भएका केही मानिसहरू तिमीसित छोड़िदिनेछु।" तर याकूबले भने, "यसको दरकार होला र? हजूरको निगाह मात्र ममाथि रहोस्।" १६ यसैले एसाव त्यही दिन सेइरमा फर्के। १७ तर याकूबचाहिँ सुक्कोततिर लागे, र आफ्नो लागि एउटा डेरा र गाईबस्तुलाई छाप्राहरू बनाए। यसैकारण त्यस ठाउँको नाउँ सुक्कोत राखियो। १८ याकूब पद्दन-आरामबाट हिँड़ेर गएपछि कनानको शकेम भन्ने एउटा सहरमा कुशलसाथ आइपुगे, र त्यस सहरको अगि आफ्नो पाल टाँगेर वास गरे। १९ आफूले पाल टाँगेको जग्गा शकेमका बाबु हमोरका छोराहरूबाट तिनले एक सय चाँदीका टुक्रा दाम हालेर किने। २० त्यहाँ तिनले एउटा वेदी बनाएर त्यसको नाउँ एल-एलोह-इस्राएल राखे।"

आफ्नो दाजुलाई देखेपछि याकूब उनको अगाडि सात पल्ट भुइँमा लम्पछार पर्दछन्। आफ्नो दाजुलाई मेरा प्रभु भनेर धेरै पल्ट सम्बोधन गर्दछन् (उत्पत्ति ३३:८,१३,१५) र आफूलाई उनको सेवक भनेर पहिचान दिन्छन् (उत्पत्ति ३२:४,१८,२०)। याकूले सात पल्ट ढोकेको अर्थले आफ्नो बाबुले सात पल्ट उनले आशिषहरू पाएको याद दिलाउँछ (उत्पत्ति २७:२७-२९)। जब उनले आफ्नो दाजुलाई ढोग्छन् बाबुको आशिषलाई उल्टो पारिदिन्छन्। राष्ट्र वा जातिहरूले तिमीलाई ढोगुन् (उत्पत्ति २७:२९) भन्ने याकूबलाई दिएको आशिष अब उनी आफैले दाजुलाई ढोग्न पुग्छन्। आफ्नो दाजुको ऋण चुक्ता गर्ने र उनबाट चोरेको आशिष (उत्पत्ति ३३:११) उनैलाई फिर्ता दिने चाहना उनले व्यक्त गरेको आभास् यहाँ पाइन्छ। जब एसाबले आफ्नो भाइलाई भेट्छ तब भाइले अपेक्षा गरेको अनुसार उनलाई मार्न दगुरेको हुन्दैन तर म्वाईं खान र रुन पो पुग्छन् (उत्पत्ति ३३:४)। पछि आफ्नो दाजुको ठूलो सराहना गरेर भावुक हुँदै यो भावना व्यक्त गर्छन्: "हजुरको अनुहार मैले देख्दा त मैले परमेश्वरकै अनुहार देखेको जस्तो महसुस गरेको छु" (उत्पत्ति ३३:१० रूपान्तरित)। यो अत्यन्तै अचाक्लिलाग्दो भावना व्यक्त गरेको कारण थियो: आफ्नो दाजु एसावले उनलाई क्षमा दिए। हिब्रू भाषा ratsah "खुशी भएको"

(उत्पत्ति ३३:१० रूपान्तरित) भन्ने शब्दको ईश्वरिय दर्शन वा विज्ञानको अर्थ छ। यो हो, परमेश्वरलाई ग्रहणयोग्य र खुशी पार्ने बलिदान। परमेश्वरले क्षमा दिएको भन्ने धारणालाई बुझाउन यो शब्द प्रयोग गरिएको हुन्छ (लेबी २२:२७, आमोस ५:२२)।

याकूबले पनिएलमा परमेश्वरको अनुहार देखेर उहाँबाट पाएको क्षमाको अनुभवलाई अब दाजुको अनुहार देखेपछि उनीबाट क्षमा पाएको आभार व्यक्त गर्दा आफूलाई परमेश्वरकै अनुहार सामु खडा भइरहेको आभास् उनले पाएको बताउँछन्। याकूब अब दोस्रो पनिएलमा रहन्छन्। पहिलो पनिएलले दोस्रो पनिएलको निम्ति उनलाई तयार पारेको थियो। परमेश्वर र आफ्नो दाजुले याकूबलाई क्षमा दिएका थिए। परमेश्वरको अनुग्रहको अर्थ के रहेछ भन्ने आत्मज्ञान पहिलाभन्दा अहिले अझ बढि उनले बुझेको हुनुपर्छ।

***परमेश्वरले बाहेक अरूहरूले तपाईंलाई क्षमा दिँदा अनुग्रहको अर्थ के रहेछ भनेर तपाईंले कसरी सिक्नुभएको छ?***

## ३. दिनालाई अपमान

याकूब आफ्नो दाजुसँग पुनर्मिलन भइसकेपछि अब सुरक्षित र शान्तसँग कनान देशमा घरबार जोडेर आफ्नो बाँकि जीवन बिताउन चाहेका थिए। सुरक्षित भन्ने हिब्रू भाषामा shalem शालेम हो (उत्पत्ति ३३:१८)। त्यो शब्द शालोम shalom बाट आएको हो जसको अर्थ "शान्ति।" याकूबको जीवनको बाँकि यात्रामा उनी शान्त र सुरक्षित रहन चाहेका थिए।

(याकूब आफ्नो बाबुको घरमा त फर्कन्छन्, सायद आफ्नो बाबुको जायजेठा सम्हाल्न र पैतृक सम्पत्तिको उपभोग एसाबले नै गरेका थिए र त्यसमा याकूबले हस्तक्षेप गर्न नचाहेको पनि हुनसक्छ- अनुवादक)। आफ्नो पैतृक सम्पत्तिको लोभ नगरि कनान देशमै रहन त्यहाँका बासिन्दाहरूसँग जमिन किन्छन् (उत्पत्ति ३३:१९)। त्यस जमिनमा सर्वप्रथम् उनले परमेश्वरको निम्ति बेदी स्थापना गर्छन्। उनी परमेश्वरमाथि कतिको भर परेको थियो भन्ने महसुस गरेर नै उनले बेदी बनाएका थिए। जब त्यहाँ अग्नी बलि चढाइन्थ्यो तब त्यसबेला परमेश्वरप्रतिको निष्ठा छ भनेर देखाउन उहाँको उपासना गरिन्थ्यो।

मूर्ति पूजा गर्ने र सृष्टिकर्ता परमेश्वरको उपासना नगर्ने मानिसहरूको समाजमा याकूब-इस्राएलले आफ्नो अस्तित्व स्थापना गरेका थिए। तर, त्यो सहज थिएन। उनको बुबा इसहाकले अबिमेकको देशमा (उत्पत्ति २६:१-३३)

बस्दा धेरै कचकचहरूको सामना गर्नुपरेको थियो। अब, याकूबले पनि कनानीहरूसँग रहन प्रयास गर्दा उनले समस्याहरूको सामना गर्नुपरेको थियो।

उत्पत्ति ३४ पढ्नुहोस्। याकूब सबैसँग शान्ति, खुशी र मेलमिलाप गरेर बस्न चाहेका थिए। तर त्यहाँ के भयो जसले गर्दा याकूबको शान्त रहन चाहने योजनामा गडबढ भयो? हेर्नुहोस्, "१ याकूबबाट लेआले जन्माएकी छोरी दीना त्यस ठाउँका स्त्रीहरूसँग भेट गर्न गइन्। २ त्यस ठाउँका रजौटा हिव्वी हमोरका छोरा शकेमले तिनलाई देखे, र लगेर तिनीसित सहवास गरेर तिनको अपमान गरे। ३ उनको मन याकूबकी छोरी दीनातर्फ बस्यो। उनले ती कन्यासित प्रेम गरेर मीठा-मीठा कुरा गरे। ४ तब शकेमले आफ्ना बाबु हमोरलाई यसो भने, "मेरी पत्नी तुल्याउनलाई त्यो कन्या मलाई ल्याइदिनुहोस्।" ५ शकेमले आफ्नी छोरी दीनालाई बिगारेको कुरा याकूबले सुने। तर तिनका छोराहरू चरनमा गाईबस्तुसँग गएका हुनाले तिनीहरू नफर्कुञ्जेल तिनी चूपै लागिबसे। ६ तब शकेमका बाबु हमोरचाहिँ कुरा गर्न याकूबकहाँ आए। ७ भएका घटनाहरू सुनेर याकूबका छोराहरू चरनबाट आएका थिए। तिनीहरू विचलित र क्रुद्ध भए, किनभने याकूबकी छोरीलाई बिगारेर शकेमले इस्राएलको बेइज्जत गरिदिएका थिए। यस्तो काम गर्नु उचित थिएन। ८ तर हमोरले तिनीहरूसँग यसो भनेर कुरा गरे, "मेरो छोरो शकेमको मन तपाईंकी छोरीतर्फ आसक्त भएको छ। कृपा गरी त्यसलाई दीनासँग विवाह गर्न दिनुहोस्। ९ तपाईंहरू हामीसँग बिहाबारी गर्नुहोस्। तपाईंका छोरीहरू हामीलाई दिनुहोस्, र हाम्रा छोरीहरू तपाईंहरू लिनुहोस्। १० तपाईंहरू हामीसँगै बस्नुहोस्, र यो ठाउँ तपाईंहरूका निम्ति खुला रहनेछ। यहीं बसोबास गर्नुहोस्, व्यापार गर्नुहोस् र सम्पत्ति जोड्नुहोस्।" ११ शकेमले पनि ती कन्याका बाबु र दाजुभाइहरूलाई भने, "ममाथि तपाईंहरूको निगाह रहोस्। तपाईंहरू मसँग जे भन्नुहुन्छ म दिनेछु। १२ दाइजो र विवाहको उपहार जत्तिसुकै भन्नुहुन्छ माग्नुहोस्, र तपाईंहरूले भन्नुभएबमोजिम म दिनेछु। केवल त्यो कन्यासँग मलाई विवाह गर्न दिनुहोस्।" १३ शकेमले तिनीहरूकी बहिनी दीनालाई बिगारेका हुनाले याकूबका छोराहरूले शकेम र हमोरसँग कपट राखेर जवाफ दिए। १४ तिनीहरूले उनीहरूलाई भने, "खतना नभएकोलाई हाम्री बहिनी दिने काम हामीबाट हुनै सक्दैन। किनभने त्यसो गर्‍यौं भने हाम्रो बेइज्जत हुन्छ। १५ यही शर्तमा मात्र हामी तपाईंले भन्नुभएको कुरा मान्नेछौं, कि तपाईंहरू पनि हामीजस्तै हुनुहोस्, अर्थात् प्रत्येक पुरुषको खतना गरिओस्। तब मात्र हामी हाम्रा चेलीहरू तपाईंहरूलाई दिनेछौं, १६ र हामी तपाईंहरूका चेलीहरू लिनेछौं, र हामी

तपाईंहरूसँगै एउटै जाति भएर बसोबास गर्नेछौं। १७ तर हाम्रो कुरा सुनेर पनि तपाईंहरूले खतना गर्न मान्नुहुन्न भनेता हाम्री छोरी लिएर हामी यहाँबाट गइहाल्नेछौं।" १८ हमोर र उनका छोरा शकेमलाई तिनीहरूको कुरा मन पर्‍यो। १९ ती युवकले यो काम गर्नु कति पनि ढिलाएनन्, किनभने याकूबकी छोरीसित उनी मोहित भएका थिए। उनी आफ्ना बाबुको घरानाका सबैभन्दा बढ़ी आदरणीय थिए। २० यसकारण हमोर र उनका छोरा शकेम सहरको मूल ढोकामा आएर सहरवासीहरू सबैलाई यसो भने, २१ "यी मानिसहरू शान्तिप्रिय छन्। तिनीहरू यस देशमा बसेर व्यापार गरून्। तिनीहरूका निम्ति जमिन पनि प्रशस्तै छ। २२ हाम्रा र तिनीहरूका बीचमा बिहाबारी पनि चलोस्। तिनीहरू हामीसित बसोबास गरेर एउटै जाति बन्न यही शर्तमा मन्जूर गर्छन् कि तिनीहरूको खतना भएझैं हामीहरूको हरेक पुरुषको खतना हुनुपर्छ। २३ के तिनीहरूका गाईबस्तु र धन-सम्पत्ति र सबै वस्तुहरू हाम्रै हुनेछैनन् र? केवल हामी तिनीहरूको कुरा मन्जूर गरौं, र तिनीहरू हामीसित बस्नेछन्।" २४ सहरको मूल ढोकाबाट निस्कने सबैले हमोर र उनका छोरा शकेमको कुरा माने, र ती सबैको खतना भयो। २५ तेस्रो दिन जब उनीहरू साह्रै पीडित अवस्थामा थिए, तब याकूबका दुई छोरा, दीनाका दाजुहरू शिमियोन र लेवी आफ्नो-आफ्नो तरवार लिएर गुप्त रूपले सहरमा पसे, र सबै पुरुषहरूलाई मारे। २६ तिनीहरूले हमोर र उनका छोरा शकेमलाई पनि तरवारले काटेर मारे, र शकेमको घरबाट दीनालाई लिएर गए। २७ अनि याकूबका छोराहरूले तिनीहरूकी बहिनीलाई उनीहरूले बिगारिदिएका हुनाले ती मारिएकाहरूकहाँ आएर त्यस सहरलाई लुटे। २८ तिनीहरूले उनीहरूका बगाल र बथानहरू, गधाहरू, र त्यस सहरमा र खेतमा भएका सबै कुरा पनि लगे। २९ उनीहरूका सबै धन-सम्पत्ति, सबै बालबच्चा, र उनीहरूका पत्नीहरू कैद गरे र घरमा जे-जति थिए ती सबै तिनीहरूले लुटे। ३० तब याकूबले शिमियोन र लेवीलाई भने, "कनानी र परिज्जीहरूको यस देशका बासिन्दाहरूमा तिमीहरूले मलाई अप्रिय तुल्याएर सङ्कष्टमा पारिदिएका छौ। मेरा मानिसहरू थोरै छन्। यदि उनीहरू सबै भेला भएर मेरो विरुद्धमा हमला गरे भने मलाई र मेरो घरका सबैलाई खतम पार्नेछन्।" ३१ तर तिनीहरूले उत्तर दिए, "के त्यसले हाम्री बहिनीलाई वेश्याजस्तै तुल्याउनु हुन्छ त?"

यस कथामा सामेल भएका पात्रहरूले नीच र तुच्छ काम गरेका थिए। अनैतिक, छलकपट स्वभावहरू ती पात्रहरूले देखाएका थिए। त्यहाँका ठूलाबडाका छोरा शकेमले दिनालाई कामुकको बास्नामा परेर आफूसँगै

सुताउँछन्। दिनालाई प्यार गरेको छु भनेर देखाउँदै उनीप्रति गरेको अन्यायको सोध भर्ना तिर्न र उनलाई आफ्नै श्रीमती बनाउन उनी जे गर्न पनि तयार हुन्छन्। दिनाका दाजुहरूको चालबाजी थाहा नपाएको शेकेमले तिनीहरूलाई रिझाउन र तिनीहरूसँग करार स्थापना गर्न शेकेमको साथै सबै पुरुषहरू खतना गर्न राजी हुन्छन्।

तर सिमयोन र लेबीले आफूहरूलाई धर्मको रक्षा गर्ने र परमेश्वरका आज्ञाहरू चोखो राख्ने भनेर आफूहरूलाई कठ्ठर धर्मात्माहरूको रूपमा प्रस्तुत गर्छन्। कनानीहरूसँगको बिवाहबारी चल्न नहुने (लेबी १९:२९) भन्ने कुरामा अडिग हुँदै तिनीहरू धर्म र नैतिकताको नाउँमा स्थानीय बासिन्दाहरूसँग छलकपट र झुटो व्यवहार गर्छन् (उत्पत्ति ३४:१३) र सबै पुरुषहरूको हत्या गरेर तिनीहरूको सहरै लुट्दछन् (उत्पत्ति ३४:२५-२७)। आफ्नो बहिनीलाई बेइज्जत गरेकोले त्यसको बदला लिन ठिकै थियो भनेर दाजुहरूले ठानेका थिए तर एक जनाको गल्तीले सबै मानिसहरूलाई मुछने तिनीहरूको कार्य निन्दनीयमात्र थिएन, त्यसले गर्दा धेरै समस्याहरू निम्त्याएका थिए।

तर, याकूब सबैसँग शान्तसँग रहन चाहेका थिए। जब आफ्नी छोरीलाई जबरजस्ती करणी गरेको खबर उनले सुने तब स्थानीय बासिन्दाहरूसँग मिलेर बस्न त्यस मामिलामा उनी चुपचापै रहे (उत्पत्ति ३४:५)। तर उनको छोराहरूले जे गरे त्यो थाहा पाएपछि उनले खुलेर नै शिमियोन र लेवीलाई गाली गर्छन्: "“कनानी र परिज्जीहरूको यस देशका बासिन्दाहरूमा तिमीहरूले मलाई अप्रिय तुल्याएर सङ्कष्टमा पारिदिएका छौ। मेरा मानिसहरू थोरै छन्। यदि उनीहरू सबै भेला भएर मेरो विरुद्धमा हमला गरे भने मलाई र मेरो घरका सबैलाई खतम पार्नेछन्" (उत्पत्ति ३४:३०)।

**कतिपय बाइबलका पात्रहरूमा चालबाजी, धोखा, छलकपट, ठगी, एकले अर्कोलाई फसाउने, झुक्याउने, स्वार्थपना जस्ता नकारात्मक चरित्रहरू भएको हामी पाउँछौं। फेरि त्यसै समय बाइबलकै कतिपय पात्रहरूले दया, शदासयता, अनुग्रह, दया, उदारता, माया जस्ता सकारात्मक गुणहरू पनि देखाएका थिए। ती सबैले मानव स्वभाव कस्तो रहेछ भनेर हाम्रो सामु नलुकाइकन खुलासा गरेको छ। मानव स्वभाव वा चरित्रलाई बाइबलले खुलेरै देखाएकोले त्यसबाट हामी के सिक्न सक्छौं?**

## ४. मूर्तिपूजाको प्रभुत्व

उत्पत्ति ३४:३०-३५:१-१५ पढ्नुहोस्। सनातन, सृष्टिकर्ता, परमप्रभु सत्य परमेश्वरको सहीरूपमा आराधना गर्नु भनेको केहो भनेर यहाँ दिएको विवरणबाट हामीले कस्तो पाठहरू सिक्न सक्छौं? हेर्नुहोस्, "३० तब याकूबले शिमियोन र लेवीलाई भने, "कनानी र परिज्जीहरूको यस देशका बासिन्दाहरूमा तिमीहरूले मलाई अप्रिय तुल्याएर सङ्कष्टमा पारिदिएका छौ। मेरा मानिसहरू थोरै छन्। यदि उनीहरू सबै भेला भएर मेरो विरुद्धमा हमला गरे भने मलाई र मेरो घरका सबैलाई खतम पार्नेछन्।" ३१ तर तिनीहरूले उत्तर दिए, "के त्यसले हाम्री बहिनीलाई वेश्याजस्तै तुल्याउनु हुन्छ त?" र "१ त्यसपछि परमेश्वरले याकूबलाई भन्नुभयो, "उठेर बेथेलमा जाऊ, र त्यहीं बसोबास गर, र तिम्रो दाजु एसावबाट तिमी भाग्दाखेरि तिमीकहाँ देखा पर्ने परमेश्वरको निम्ति त्यहाँ एउटा वेदी बनाऊ।" २ यसकारण याकूबले आफ्नो घराना र आफूसित भएका सबैलाई भने, "तिमीहरूसँग भएका विदेशी देवताहरू मिल्काइदेओ र आफू-आफूलाई शुद्ध पारेर लुगाहरू फेर। ३ तब हामी बेथेलमा जाऔं, र मेरो दुःखको दिनमा मेरो पुकारा सुन्नुहुने र म जहाँ गए तापनि मसित हुनुहुने परमेश्वरको निम्ति त्यहाँ एउटा वेदी म बनाउनेछु।" ४ यसकारण तिनीहरूले आफू-आफूसित भएका विदेशी देवताहरू र आफ्ना कानमा भएका कुण्डलहरू याकूबलाई दिए र याकूबले शकेमको नजिकै भएको फलाँटको रूखमुनि ती गाड़िदिए। ५ जब तिनीहरूले आफ्नो यात्रा सुरु गरे तब परमेश्वरको त्रास वरिपरिका सहरहरूमा फैलियो, र कसैले पनि तिनीहरूलाई खेदेन। ६ याकूब र तिनीसँग भएका सबै जना कनान देशमा भएको लूज सहरमा, अर्थात् बेथेलमा आइपुगे। ७ त्यहाँ तिनले एउटा वेदी बनाए। त्यस ठाउँको नाउँ तिनले एल-बेथेल राखे, किनभने तिनका दाजुबाट भागेर जाँदा परमेश्वरले आफैलाई त्यहाँ तिनीकहाँ प्रकट गर्नुभएको थियो। ८ त्यहाँ रिबेकाकी धाई दबोरा मरी, र त्यसलाई बेथेलनेरको फलाँटको रूखमुनि तिनीहरूले गाड़े। त्यसैले त्यस ठाउँको नाउँ अल्लोन-बकुत राखे। ९ याकूब पद्दन-आरामबाट आएपछि परमेश्वर फेरि तिनीकहाँ देखा परेर तिनलाई आशिष् दिनुभयो। १० परमेश्वरले तिनलाई भन्नुभयो, "तिम्रो नाउँ त याकूब हो, तर अबदेखि उप्रान्त तिमीलाई याकूब भनिनेछैन, तिम्रो नाउँ इस्राएल हुनेछ।" यसैले तिनको नाउँ इस्राएल भयो। ११ परमेश्वरले तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। फल्दै-फुल्दैजा, र संख्यामा तेरो वृद्धि होस्। एउटा जाति र जातिहरूको समूह तिमीबाट उत्पन्न हुनेछन्, र राजाहरू पनि तिमीबाट उत्पन्न हुनेछन्। १२ अब्राहाम र

**इसहाकलाई मैले दिएको देश म तिमीलाई दिनेछु, र म त्यो देश तिमीपछि हुने तिम्रा सन्तानलाई दिनेछु।" १३ तब तिनीसँग कुरा गर्नुभएको ठाउँबाट परमेश्‍वर उक्लिहाल्नुभयो। १४ परमेश्‍वर तिनीसँग कुरा गर्नुभएको ठाउँमा याकूबले ढुङ्गाको एउटा खामो खड़ा गरे। अनि तिनले त्यसमा अर्घ-बलि चढ़ाएर तेल खन्याए। १५ परमेश्‍वरले तिनीसँग कुरा गर्नुभएको त्यस ठाउँको नाउँ याकूबले बेथेल राखे" (उत्पत्ति ३५:१-१५)।**

कनानीहरूसँग शान्तसँग रहन चाहने याकूबले आफ्ना दुई छोराहरूको चर्तिकला देखेर उनी धेरै दुःखित भएका थिए र तिनीहरूलाई आफ्नो दुखेसो पनि पोखाउँदै झपारेका थिए। त्यसको लगत्तैपछि परमेश्‍वरले याकूबलाई शेकेम छोडेर बेथेलेमा फर्किन अ‍ह्राउँनुहुन्छ। त्यहाँ परमेश्‍वरले याकूबसँग गर्नुभएको करारको पुननविकरण गर्न उहाँ चाहनुभएको थियो। बेथेलमा गएर परमेश्‍वरको निम्ति बेदी बनाऊ भनेर पनि उहाँले याकूबलाई अ‍ह्राउनुहुन्छ।

अब याकूब शेकेम छोड्ने सुरसार कस्छन्। तर, सबभन्दा पहिले उनले आफ्ना परिवारका सदस्यहरूलाई तिनीहरूले कनानीहरूका देवी र देवताहरूका मूर्तिहरू फ्याँक भनेर अ‍ह्राउँछन्। ती मूर्तिहरू शेकेम सहर लुट्दा जम्मा गरेका थिए र राहेलले पनि चोरका आफ्ना घरका देवीदेवताहरू (उत्पत्ति ३१:१९,३२) पनि थिए। परमेश्‍वरसँगको करारको निर्णायक पुननविकरण गर्नुभन्दा पहिले आफ्नो घरमा भएका देवीदेवताहरू हटाउनु जरुरी थियो।

याकूबको जीवन परमेश्‍वरप्रति समर्पित जीवन थियो। सायद परमेश्‍वरसँगको हिंडाइमा उनी एक्लै थिए। उनका परिवार र घरका कामदारहरूले ती देवीदेवताहरूलाई पूजा गरिरहेका थिए होलान्। अब कनानीहरूको प्रभावबाट टाढा हुन याकूबले आफ्नो शिविरमा र मानिसहरूका हृदयमा भएका देवीदेवताहरू हटाउन आवश्यक भएको ठानेका थिए।

पश्‍चातापको प्रक्रियामा मानिस केवल एक ठाउँबाट अर्को अनुकुल भएको ठाउँमा सर्नेमात्र समावेश हुनुपर्छ भन्ने छैन न त एउटा चर्चबाट अर्को चर्चमा। सबभन्दा महत्त्वपूर्ण कुरो भनेको परमेश्‍वरको अनुग्रहले हाम्रा हृदयमा भएका मूर्तिहरू हटाउन जरुरी भएको ठान्नुपर्दछ। हामी जहाँ गएतापनि वा जहाँ रहेता पनि जे कुरालाई पनि हामीले मूर्ति बनाएर हाम्रो हृदयमा सजाउन सक्छौं।

जब याकूबले परमेश्‍वरको आज्ञा सुन्छन् र उहाँको आदेश अनुसार सर्न अघि बढ्छन् तब त्यहाँका बासिन्दाहरूलाई उहाँले हस्तक्षेप गर्नुहुन्छ र

तिनीहरूमाथि उहाँको भय वा श्रद्धाले (उत्पत्ति ३५:५) असर पार्दछन्। सायद त्यही कारणले तिनीहरूले उनलाई आक्रमण गर्न सुर गर्देनन्।

अब, आफूसँग भएका सबै मानिसहरूसँग (उत्पत्ति ३५:६) एक भएर परमेश्वरको उपासना गर्न याकूब तयार हुन्छन्। त्यसले पारिवारिक एकताको पुनर्स्थापित भएको पनि आभास् दिन्छ। तिनीहरू लुज सहर अर्थात् बेथेलमा पुग्छन्। त्यहाँ तिनीहरूले परमेश्वरको आराधना गर्छन् र त्यस ठाउँलाई एल बेथल El Bethel भनेर नाउँ दिन्छन्। परमेश्वरले बेथेलमा याकूबको स्वप्न दर्शनमा स्वर्ग र पृथ्वी जोड्नुभएको थियो। अब फेरि त्यस आराधनाले केही समयसम्म परमेश्वरसँग तोडिएको सम्बन्ध फेरि गाँसिन पुगेको देखाएको थियो।

यहाँ ठाउँको भन्दा बेथेलको परमेश्वरलाई जोड दिएको पाइन्छ। यहाँ फेरि परमेश्वर व्यक्तिगतरूपमा देखा पर्नुहुन्छ र याकूबलाई "इस्राएल" (उत्पत्ति ३५:१०) भनेर नाउँको याद दिलाउनुहुन्छ। त्यसबेला उहाँले तिनलाई आशिषको दोब्बर प्रतिज्ञा दिएको देखाउँछ। पहिलो प्रतिज्ञामा उनी फलदायी हुने वा उनको धेरै सन्तान हुने जसको सन्तानबाट मसीहको जन्म हुने र धेरै राष्ट्रहरू जन्मिने (उत्पत्ति ३५:११) थियो भने; र दोस्रोमा उनलाई प्रतिज्ञा गरिएको देश परमेश्वरले दिने।

***थाहै नपाइकन हाम्रा हृदयहरूमा मूर्तिपूजा कसरी पस्न सक्छ र त्यसलाई हामीले कसरी सम्हाल्ने?***

## ५. राहेलको मृत्यु

**वास्तविकरूपमा भन्नुपर्दा याकूबको परिवार आदर्श, उदाहरणीय भन्न सकिन्दैन तर विग्रिएको परिवार भन्न सक्छौं। याकूबले आफ्नै परिवारवाट धेरै दुःख र पीडाहरूको सामना गर्नुपरेको थियो। तिनीहरूमा धेरै थिए। उत्पत्ति ३५:१६-२९मा पनि उनले भोग्नु परेको एउटा पीडा प्रस्तुत गरेको छ। हेर्नुहोस्, "१६ तिनीहरू फेरि बेथेलबाट हिँड़ेर एप्रात पुग्न अझ केही बाँकी छँदै राहेललाई सुत्केरी बेथा लाग्यो, र तिनलाई ज्यादै पीडा भयो। १७ तिनलाई अतिशय पीडा हुँदा सुँड़ेनीले तिनलाई भनी, "नडराउनुहोस्, किनकि तपाईंको अर्को एउटा छोरो हुनेछ।" १८ तिनको प्राण जाने बेलामा (किनभने तिनी मर्न लागिन्) तिनले त्यस बालकको नाउँ बेन-ओनी राखिन्। तर त्यसका बाबुले बालकको नाउँ बेन्यामीन राखे। १९ यसरी राहेल मरिन्, र एप्रात, अर्थात् बेथलेहेम जाने बाटोमा तिनीहरूले तिनलाई गाड़े। २० याकूबले तिनको चिहानमाथि एउटा**

**खामो खड़ा गरे। यो राहेलका चिहानको खामो हो, जो अहिलेसम्म पनि छँदैछ। २१ इस्राएल अगि बढ़े, र तिनले मिग्दल-एदेरबाट पारिपट्टि आफ्नो पाल टाँगे। २२ इस्राएल त्यस देशमा रहँदा रूबेन तिनकी भित्रिनी बिल्हासँग सुते, र इस्राएलले यो कुरा सुने। २३ याकूबका बाह्रजना छोराहरू थिएः लेआतर्फका छोराहरूः जेठा रूबेन, त्यसपछि शिमियोन, लेवी, यहूदा, इस्साखार र जबूलून। २४ राहेलतर्फका छोराहरूः योसेफ र बेन्यामीन। २५ राहेलकी कमारी बिल्हातर्फका छोराहरूः दान र नप्ताली। २६ लेआकी कमारी जिल्पातर्फका छोराहरूः गाद र आशेर। पद्दन-आराममा जन्मेका याकूबका छोराहरू यी नै हुन्। २७ याकूब तिनका बाबु इसहाककहाँ मम्रे, अर्थात् किर्यत-अर्बामा आए (जो हेब्रोन हो), जहाँ अब्राहाम र इसहाकले बसोबास गरेका थिए। २८ इसहाकको जम्मा उमेर एक सय असी वर्ष भएको थियो। २९ तब इसहाकको मृत्यु भयो। तिनी वृद्ध र पूरा दिन पुगेका भई आफ्ना पिता-पुर्खाहरूसँग मिल्न गए। अनि तिनका छोरा एसाव र याकूबले तिनलाई गाड़े।"**

बेथेल छोडेर याकूब प्रतिज्ञा गरिएको भूमिमा अन्तिम पटक यात्रा गर्छन्। त्यस यात्रामा उनले तीन घट्नाहरू उनले सामना गर्नु परेको थियोः याकूबको सबभन्दा कान्छो छोरोको जन्म सुत्केरी व्यथाले मर्न लागेकी राहेलबाट भएको, राहेलको मृत्यु र आफ्नो जेठो छोरो रुबन जो लेआबाट जन्मेका थियो, याकूबको आफ्नै ल्याइटेसँग सुत्न पुग्यो। यस्तो खराब, अनैतिक, भ्रष्ट, दुराचारी काम रुबनले किन गऱ्यो भनेर यस अंशले भन्दैन, तर याकूबको अन्तिम छोरोको जन्मलाई उसले अशुद्ध पार्न चाहेको र राहेलको यादलाई हेप्न खोजेको आभास् हामीले पाउँछौं, तर ठ्याक्कै ती नै हुन भनेर हामी भन्न सक्दैनौं। याकूबको सबभन्दा कान्छो छोरोको जन्म बेथलहेमसँग गाँसिएको थियो (उत्पत्ति ३५:१९। यो भूमि प्रतिज्ञा गरिएको भूमिभित्रै छ। यो जन्मले इस्राएलको भविष्यको बारेमा परमेश्वरले गर्नुभएको प्रतिज्ञाको पहिलो चरण पूरा भएको देखाउँछ। सुडेनीले राहेललाई सम्बोधन गरेको वाक्य अर्थपूर्ण मान्नु पर्छ। उनले भविष्यवाणी गरेर नै परमेश्वरले अब्राहमलाई दिनुभएको आश्वासनका शब्दहरूलाई दोहोऱ्याकी थिइन्, "नडराउ" (उत्पत्ति ३५:१७, उत्पत्ति १५:१)।

आफू मर्नुभन्दा अघि राहेलले आफ्नो छोरोको नाउँ बेन-ओनी Ben-Oni राखेकी थिइन्। त्यसको अर्थ मेरो शोकको पुत्र" हो। उनी अत्यन्तै प्रसब बेदनाले ग्रष्ट भएर त्यो छोरो पाएकी थिइन्। तर, याकूले उसको नाउँ बेन्जामिन राखे जसको अर्थ हो "दाहिने हातको छोरो।" सायद, प्रतिज्ञा

गरिएको देश उनको दक्षिणतर्फ भएकोले परमेश्वरले प्रतिज्ञा गर्नुभएको अनुसार त्यस ठाउँमा पुग्ने र बसोबास गर्ने आशाले उत्साहित भएर आफ्नो कान्छो छोरोको नाउँ परिवर्तन गरेको हुनसक्छ।

फेरि त्यही समयमा याकूबको जेठो छोरो आफ्नो बुबाको भित्रीनि बिलाह र राहेलकी नोकर्नीसँग करणी गर्छन् (उत्पत्ति ३५:२५, उत्पत्ति ३०:३)। यस्तो अपमानजनक, निन्दनीय, भ्रष्ट, अनैतिक र कलङ्क लगाउने काम रुबनले किन गर्‍यो सो हामीलाई थाहा छैन। तर, यसले मानव स्वभाव कतिको पापी र खस्किएको रहेछ भनेर अर्को उदाहरण हाम्रो सामु प्रस्तुत गरिएको पाउँछौं, त्यो पनि आफ्नै धर्मात्मा वा परमेश्वरको भय मान्ने र उहाँमाथि श्रद्धा राख्ने बाबुको अगाडि।

यो आफ्नो छोरोको भयानक र भ्रष्ट कामको बारेमा याकूबलाई सुनाउँछन् तर उनी चुपचाप रहन्छन् (उत्पत्ति ३५:२२)। यो हाम्रो निम्ति अचम्मै छ। तर, आफूले नियन्त्रण गर्न नसकेका पापहरूलाई परमेश्वरले सम्हाल्नुहुनेछ र उनका वरिपरिका परिवारहरू खराब, दुष्ट र पापी भएतापनि परमेश्वरले आफ्नो वचन उहाँकै समयमा पूरा गर्नुहुनेछ भनेर उहाँमाथि नै पूर्ण भरोसा राखेको कारणले आफ्नो छोरोलाई केही नगरेको हुनसक्छ।

याकूबका १२ छोराहरूको नाउँ उल्लेख गरिँदा याकूब परमेश्वरमाथिको विश्वासमाथि बिचलित नभएको देखाउँछ। तिनीहरू भविष्यका इस्राएका पुस्ताहरूका पूर्खा हुनेछन् भन्ने कुरामा उनी ढुक्क भएका थिए। याकूबका प्रायजसो छोराहरू वा भविष्यका पुस्ताहरू त्यस्तो दयालु, शिष्ट, उदारणीय योग्य त थिएनन्। यद्यपि, ती समस्याहरूको बाबजुद पनि, चाहे जतिसुकै विग्रिएको परिवा नै किन नहुन् जस्तै रुबनले आफ्नै सानी आमासँग सुतेर हाकहाकी दुष्ट र अनैतिक काम गरेको थियो, यही परिवारबाट परमेश्वरले आफ्नो लक्ष्य पूरा गर्नुहुनेछ भन्ने कुरालाई पुष्टि गर्दछ।

**मानिसले जतिसुकै गल्ती गरेतापनि, जतिसुकै परमेश्वरको विद्रोह गरेर चलेतापनि, जतिसुकै पापको पोखरीमा पौडी खेल्न मन पराएतापनि आखिरमा आएर परमेश्वरले आफ्ना लक्ष्यहरू पूरा गरिनै छाड्नुहुन्छ। तर, परमेश्वरको लक्ष्यमा मानिसहरूले सहयोग दिए कस्तो हुन्थ्यो होला, उहाँका आज्ञाहरू पालन गरे कस्तो असल हुन्थ्यो होला? परमेश्वरको इच्छा पूरा गर्न कतिपय मानव दुःख, कष्ट, तनाव आदिहरूबाट राहत पाउँदै सजिलो जीवन हुने थियो होला, होइन र?**

**उपसंहारः**

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित, *पाट्रियार्क एण्ड प्रोफेटसको,* पृ. १९५-२०३को "द नाइट अभ रेस्लिङ्ग।"**

"अत्यन्तै पीडा र मानिसिक कष्टमा परेका याकूबले रातमा अपरिचित व्यक्तिसँग अचानक कुस्ती खेल्नु पुगेको थियो। येशू ख्रीष्टको दोस्रो आगमन पहिले परमेश्वरका जनहरूले पनि दुःखकष्टसँग कुस्ती खेल्नुपर्ने हुन्छ। याकूबले झेल्नुपरेको त्यो दुःख परमेश्वरका जनहरूले पनि सामना गर्नुपर्ने समयलाई देखाएको हो।...सैतान वा खराब तत्वहरूसँग परमेश्वरका जनहरूले गर्नुपर्ने अन्तिम सामनाको अनुभव याकूबको अनुभवले चित्रण गरेको छ। तिनीहरूको विश्वास, तिनीहरूको लगनशीलता र दृढता, र परमेश्वरले तिनीहरूलाई उद्धार गर्ने शक्ति उहाँमा छ भन्ने कुरामा अडिग हुँदै उहाँमाथि भरोसा कतिको राखिरहेकोछ भनेर परमेश्वरले जाँच्नुहुनेछ। तिनीहरूको मामिला बेकारको छ र तिनीहरू खतम भएको छ भनेर सैतानले तिनीहरूको दिमागलाई तर्साउन प्रयास गर्नेछ। तिनीहरूको पाप यति ठूलो छ कि परमेश्वरले तिनीहरालाई क्षमा दिने कुनै आधार छैन भनेर पनि सैतानले तिनीहरूलाई निराश पार्न कोसिस गर्नेछ। जब आफ्ना जीवनलाई नियाल्दा तिनीहरूले कस्ता कस्ता महान् गल्तीहरू गरे भन्ने कुरामा तिनीहरू बिचल्लित हुनेछन् र परमेश्वरको सामु आफूहरू अयोग्य भएको आभास् पाएर निराशाको बादलमा तिनीहरू हराउन खोज्नेछन्। तर, तिनीहरूले परमेश्वरको महान् दया र सदाशयतालाई सम्झिनेछन्, आफूहरूले भित्री हृदयदेखि इमान्दारी भएर पश्चाताप गरेको पनि तिनीहरूले याद गर्नेछन्, अनि निसहाय, निराशमा परेका र पश्चाताप गरेका पापीहरूलाई येशू ख्रीष्टद्वारा परमेश्वरले क्षमा दिने दिने बाचालाई उहाँको सामु रोइकराइ सम्झाउनेछन्। तिनीहरूको प्रार्थनाको जवाफ तिनीहरूले तुरन्तै पाएन भन्दैमा तिनीहरूको विश्वास असफल हुँदैन। तिनीहरू परमेश्वरको बलमा झुण्डिरहेको हुन्छ, जसरी याकूबले स्वर्गदूतलाई पकडि राखेका थिए। याकूबको बिन्ति तिनीहरूको पनि हुनेछ, "जबसम्म तपाईंले मलाई आशिष दिनुहुन्छ तबसम्म म तपाईंलाई जान दिन्न।'....

"पापमा परेर गद्दारी गर्नेहरूलाई परमेश्वरले झ्वाट्टै फ्याँक्नुहुन्न भन्ने आश्वासन याकूबको इतिहास साक्षीको रूपमा खडा छ। तर, सही वा हृदयदेखि पश्चाताप गरेर उहाँकहाँ फर्कियोस् भन्ने उहाँको अपेक्षा छ। आफ्नै बलबाट र जबरजस्ती फाइदा लिनुको सट्टा आत्मसमर्पण गरि परमेश्वरमाथि पूरा भरोसा विश्वास राख्नु नै उनको निम्ति फाइदा छ भनेर उनले सिक्न

पुगेका थिए। याकूबले हृदयदेखि चाहना गरेका परमेश्वरको शक्ति र अनुग्रह उहाँले नै दिनुहुनेछ भनेर आफ्नो सेवकलाई उहाँले सिकाउनुभएको थियो। अन्तिम समयमा रहनेहरूको जीवन कहानी पनि त्यस्तै हुनेछ। जब तिनीहरूको वरिपरि खतराका घन्टीहरू बजीरहेका हुन्छन्, तिनीहरू हताश र निराशले तिनीहरूको जीवनलाई छोप्दछन्, त्यसबेला प्रभु येशूले तिनीहरूको निम्ति पश्चातापको निम्ति गर्नुभएका पूण्य कामहरूमाथिमात्रै तिनीहरू भरपर्नु धेरै आवश्यक भएको तिनीहरूले ठान्नुपर्दछ। हामी आफैले केही पनि गर्न सक्दैनौं।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २०१-२०३बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **परमेश्वरको अनुग्रह देखाउने अवसर याकूबको कमजोरीमा किन भयो? याकूबको अनुभवमा पावलको यो भनाईलाई कसरी पुष्टि गर्दछः "यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपद्हरूमा म सन्तुष्ट रहन्छु। किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु?" (२ कोरिन्थी १२:१०)।**

आ. **बाइबलका कतिपय पात्रहरूको जीवन कहानी नीच, दुष्ट, फोहरमैला, तुच्छ, अधम, स्वार्थी, घृणित, अनैतिक र निन्दनीय भएतापनि बाइबलमा किन राखिएका छन्? यसले के विषयलाई औंल्याउन खोजिएको हुनसक्छ? यसबाट हामीले के सन्देश लिन सक्छौं?**

इ. **मूर्तिपूजाको बारेमा अझ धेरै सोच्नुहोस्। हाम्रो समाज, सभ्यताका मूर्तिहरू के हुनसक्छन्? परमेश्वरबाहेक अरू कुनै थोक वा कसैलाई हामीले पूजनीय मानेर पूजा गरिरहेकाछैनौं भनेर हामी कसरी विश्वस्त हुने?**

## कथा १०
## अपेक्षा नगरिएको प्रस्ताव
## इस्मेराल्डा याओ मेलो, आङ्गोला



आङ्गोलाको राजधानी लुवान्डामा हामी बस्दथ्यौं। मेरो बुबा अर्कै सम्प्रदायको चर्चमा जानुहुन्थ्यो भने मेरी आमा अर्कै सम्प्रदायको चर्चमा। बालककालमा एक आइतवार म बुबासँगै उहाँको चर्चमा जान्थे भने अर्को आइतबार आमाको चर्चमा चान्थेँ। तर जब म १८ वर्षीकी भएँ कुनै पनि चर्चमा जान छोडेँ। बुबाको चर्चमा हुने युवा कार्यक्रममा भाग लिन पनि छोडेँ।

"मसँग चर्चमा किन आउन छोड्यौ?" आमाले एक दिन सोध्नुभयो। "मलाई रमाइलो भएन," मैले जवाफ दिएँ। "तब जुन चर्चमा तिमीलाई रमाइलो हुन्छ त्यहाँ तिमी जाऊ। परमेश्‍वरलाई अवसर दिनु," मेरी आमाले भनिन्। तर म सांसारिक मोजमज्जामा बढि रमाइरहेको थिएँ।

जब मेरी दिदी विवाहको निम्ति मगनी भयो तब उनी र हुनेवाला श्रीमानलाई विवाहपूर्व सरसल्लाह एडभेन्टिस्ट चर्च पास्टरले दिएका थिए। जब तिनीहरू एडभेन्टस्ट चर्चमा जान निर्णय गरे। जब तिमीहरूको विवाह भयो तब मेरी दिदीले बराबर बाइका पदहरू र प्रवचनका पर्चाहरू पठाइरहिन्।

अनि असाधारण घट्नाका श्रृङ्खलनाहरू हुन थाले। एक जना साथीले मेरो हृदय परमेश्‍वरमा सुम्प भनेर मेरो दिमागमा घचघच्याइन्। मेरो निम्ति उनले प्रार्थना गरिरहेकी छिन् भन्ने कुरा मलाई थाहा थियो। उनका वचनहरूले मेरो हृदय नरम भयो । फेरि त्यही हप्तामा अर्को साथीले पनि मेरो जीवन परमेश्‍वरलाई सुम्पिदेऊ भनेर अनुरोध गरिन्। "संसार राम्रो छैन। तिम्रो जीवन परमेश्‍वरमा समर्पण गर," उनले भनिन्। उनी मसँग प्रार्थना गरिन् र मलाई असल बनाइदिनुहोस् भनि पुकार गरिन्। प्रभुप्रति श्रद्धा राख्ने श्रीमान मैले पाउन् भनेर पनि उनले प्रार्थना गरिन्। उनका वचनहरूले पनि मेरो हृदय छोयो। केही दिनपछि, मलाई सम्झाइयोस् भनेर परमेश्‍वरले भन्नुभएको आभास् उनले पाइन् भनेर मेरी दिदीले मलाई बताइन्। "यदि मैले तिमीलाई चेतावनी दिइनँ भने तिम्रो रगत ममाथि पर्नेछ," भनेर उनले भनिन्। मेरी

दिदीले इजकिएल ३:१८-१९ पढेकी थिइन् जसमा लेखिएको छ, "जब म एउटा दुष्ट मानिसलाई 'तिमी निश्‌चय नै मर्नेछौ' भनी भन्छु, तर त्यसको प्राण बचाउनलाई तिमीले त्यसलाई चेताउनी दिइएनौ, वा त्यसको दुष्ट चालको लागि त्यसको विरुद्ध सल्लाह दिएनौ भनेदेखि, त्यो मानिस पापको कारण मर्नेछ, र त्यसको रगतको लेखा म तिमीबाटै लिनेछु। तर यदि तिमीले त्यस दुष्ट मानिसलाई चेताउनी दियौ र त्यो आफ्नो दुष्ट्याइँ अथवा आफ्नो खराब चालदेखि फर्कंदैन भने, त्यो आफ्नो अधर्ममा नै मर्नेछ, तर तिमीले चाहिँ आफ्नो प्राण बचाएको हुनेछौ।

मेरी दिदीले त्यो सुनाएपछि मेरो हृदय बुर्लुकबुर्लुक उफ्र्यो। त्यसो भए म आमाको चर्चमा जान्छु भनी उनालाई सुनाएँ। "तर त्यो चर्च तिमीले सजिलो लाग्दैन। एडेन्टिस्ट चर्चमा जाऊ। सहरमा भएको कुनै पनि एडभेन्टिस्ट चर्चमा जानु। तिनीहरूलाई मौका देऊ," उनले भनिन्।

अर्को साबथ एडभेन्टिस्ट चर्चमा जान्छु भनेर मैले वचन दिएँ, तर त्यो दिन कामले गर्दा जान सकिनँ। म तीन हप्तासम्म साबथमा काम गरिनै रहें। जब मेरी दिदीले मलाई चर्च गएँकि गइनँ भनेर सोधिन् मैले भने मेरो कामले गर्दा म जानसकिँन। "कुनै कामहरू परमेश्‌वरको आशिषले होइन। तिमी बेकारमा काम गरिरहेका छौं। कामलाई पन्छाएर परमेश्‌वरलाई प्राथमिकता देऊ।" उनले सुनाइन्। म के गर्ने मलाई थाहा भएन। तर म काममा जान छोडें, मेरो निर्णयले त होइन। म बिरामी भएँ। क्लिनिकमा डाक्टरले मलाई जाँचे। उनले मलाई राम्रैसँग चिन्दथे किनकि उनी मेरो चार वर्षदेखिको डाक्टर थिए। हाम्रो सम्बन्ध राम्रै थियो। तर यसबेला मलाई उनले चकित पारे। मलाई जाँचिसकेपछि उनले मलाई अचानक मसँग विवाह गर्ने प्रस्ताव राखे। यस बेलासम्म हाम्रो उनले मेरो व्यक्तिगत जीवनसँग चासो राखेका थिएन न त उनी मेरी श्रीमान हुन्छ भनेर सोचेको पनि थिइनँ। तर उनले प्रस्ताव राखे। उनको श्रीमती हुने अवधारणा मलाई मनपर्‍यो। "तपाईंसँग विवाह गर्न मलाई मन लाग्छ," मैले भनें। हाँस्दै उनले जवाफ दिए, "तर म एडभेन्टिस्ट हुँ र मेरी श्रीमती पनि एडभेन्टिस्ट भएको मन लाग्छ।" "त्यसको केही समस्या छैन," मैले हाँसेर जवाफ दिएँ। मैले जे भनेको थिएँ मैले अठोट गरेर नै भनेको थिएँ।

केही हप्ताभित्र अचम्मका कुराहरू भए। ती नै हप्ताहरूको बीचमा मेरो प्यारो दुई साथीहरू र दिदीले प्रभुलाई मेरो हृदय देऊ भनेका थिए। एक

जनाले मैले असल र परमेश्वरप्रति श्रद्धा राख्ने श्रीमान मेरो होस् भनेर प्रार्थना गरेका थिए। मेरी दिदीले मलाई एडभेन्टिस्ट चर्चमा जान आग्रह गरेकी थिइन्। अब एडभेन्टिस्ट डाक्टरले मसँग विवाहको प्रस्ताव राखे र म पनि एडभेन्टिस्ट हुन उनले चाहना गरे। परमेश्वरको आवाजलाई मैले पन्छाउन सकिनँ। म बप्तिस्मा दिने कक्षामा सरिक भएँ।

आज म एडभेन्टिस्ट छु। डाक्टरले विवाहको प्रस्तावले म एडभेन्टिस्ट भएको होइन।मेरी दिदीले मलाई एडभेन्टिस्ट हुन उत्साह दिएकोमा म एडभेन्टिस्ट भएको होइन। चर्चमा रमाइलो लागेर म एडभेन्टिस्ट भएको पनि होइन। तर म एडभेन्टिस्ट छु किनकि परमेश्वरले मलाई बोलाउनुभयो र उहाँका आज्ञाहरू पालन गर्नेहरूको समूहमा सरिक हुन र येशूको विश्वास हुन। मेरो हृदय उहाँको हो।